# दक्षिण एसियामा व्यापार पूर्वाधार र गैरभन्सार अवरोध प्रमुख समस्या

अन्नपूर्ण समाचारदाता

**काठमाडौं**, २४ वैशाख : कमजोर पूर्वाधार र गैरभन्सार अवरोधका कारण नेपालसहितका दक्षिण एसियाली मुलुकको व्यापार बढ्न नसकेको एक अध्ययनले देखाएको छ। ऊर्जा, बन्दरगाह, सडक, रेललगायतका पूर्वाधार कमजोर हुँदा व्यापार विस्तार हुन नसकेको विश्व बैंकले गरेको अध्ययनमा देखिएको हो।

बैंकले नेपाललगायतका दक्षिण एसियाली मुलुकको व्यापारको समस्या र सहयोगमा केन्द्रित भएर अध्ययन गरेको हो। नेपालले सीमित बन्दरगाह मात्रै प्रयोग गर्न पाउने, कमजोर सडक, भन्सार नाकाको कमजोर पूर्वाधार व्यापार विस्तारका प्रमुख समस्या हुन्। बैंकले गरेको अध्ययनमा गैरभन्सार अवरोध पनि व्यापार विस्तारमा प्रमुख समस्या हो।

दक्षिण एसियाली सहयोग संगठन (सार्क) मा आबद्ध अधिकांश मुलुकमा समान खालका समस्या छन्। नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, माल्दिभ्स र अफगानिस्तानबीच एकआपसमा हुने व्यापारलाई कमजोर पूर्वाधारले प्रभावित बनाएको बैंकका दक्षिण एसियाली क्षेत्रका अर्थशास्त्री डेभिड गोल्डले बताए।

डेभिडकै नेतृत्वमा उक्त अध्ययन भएको हो। नेपाल र भारतबीचको व्यापारमा पनि पूर्वाधार र गैरभन्सार अवरोध प्रमुख समस्या रहेको अध्ययनमा उल्लेख छ। छिमेकी मुलुकले समेत एकअर्काको ल्याब टेष्टलगायतलाई मान्यता नदिँदा पनि व्यापारमा अवरोध सिर्जना हुने गरेको छ। दुवैतर्फ छुट्टाछुट्टै कागजात बनाउनुपर्ने, सडक मार्गमा अनौपचारिक रूपमा पैसा उठाउने गरेको, भन्सार नाकामा हुने भ्रष्टाचारले पनि अन्तर्राष्ट्रिय व्यापारलाई निरुत्साहित गरेको अध्ययन प्रतिवेदनमा औँल्याइएको छ।

दुई मुलुकबीच भन्सार नाकामा विद्युतीय तथ्यांक आदानप्रदानसमेत गर्ने प्रचलन छैन। दक्षिण एसियाली मुलुकले व्यापार संरक्षण गर्ने बहानामा गैरभन्सार अवरोध सिर्जना गर्दा व्यापार विस्तारमा अवरोध पुगेको अध्ययनमा उल्लेख छ। भारत, पाकिस्तान र नेपाल सबैभन्दा बढी व्यापार संरक्षका लागि गैरभन्सार अवरोध सिर्जना गर्ने मुलुकमा पर्छन्। भन्सार दरबन्दी भने घट्दो क्रममा छ।

विश्व बैंक र साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाएरोन्मेन्ट (सावती) द्वारा मंगलबार आयोजित कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव लालमणि जोशीले पूर्वाधार व्यापारका लागि प्रमुख समस्याका रूपमा रहेको बताए। उनले पूर्वाधारको विकासबिना दुई मुलुक वा क्षेत्रीय व्यापारसमेत विस्तार गर्न सम्भव नहुने जानकारी दिए।

अर्थविद् प्राडा विश्वम्भर प्याकुर्‍यालले दक्षिण एसियाली मुलुकले आफ्नो तुलनात्मक लाभका क्षेत्रमा हब बनाउन सके व्यापार विस्तार हुने बताए। सावतीका अध्यक्ष डा. पोषराज पाण्डेले दक्षिण एसियामा ऊर्जा, व्यापार र संस्थागत संरचनामा समस्या रहेको बताए। सार्कमा आबद्ध अधिकांश मुलुकमा ऊर्जाको समस्या रहेको जानकारी दिँदै उनले व्यापार र संस्थागत संरचनामा समेत समस्या रहेको बताए। यस क्षेत्रका समस्या एकै पटक समाधान गर्न नसकिने र एकएक गर्दै समाधान गर्नुपर्ने बताए।